जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २०६ • २०८२ जेष्ठ ३ गते शनिवार • 17 May. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

# सामाजिक विकासका लागि तीनै तहबीच समन्वय आवश्यक

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २ जेष्ठ**



जिल्ला स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेशकुमार यादवले सामाजिक विकासमा तीनै तहबीच समन्वय आवश्यक रहेको बताएका छन् । जनकपुरधाममा शुक्रबार आयोजित सशक्त बालिका परियोजनाको जिल्लास्तरीय वार्षिक समीक्षा बैठकमा प्रमुख यादवले यस्तो धारणा राखेका हुन्। तीनै तह जनताकै लागि कार्यक्रमहरु गरिरहेका छन्, उनले भने-तर, समन्वय अभावमा डुप्लीकेशन भइरहेको छ। यसलाई रोक्नका लागि तीनै तहबीच समन्वय आवश्यक रहेको छ । सामाजिक रुपान्तरणकै लागि तीनै तह कार्यक्रमहरु संचालन गरिरहेपनि समन्वय अभावमा अपेक्षा अनुरुपको प्रतिफल प्राप्त हुन नसकेको उनले जिकिर गरे ।

महिला सशक्तिकरण, पोषण लगायतको क्षेत्रमा तीनै तहलाई गैरसरकारी संघसंस्थाले साथ दिएपनि त्यसको प्रभाव अपेक्षित नदेखिएको उनले थपे । आ आफ्नो भूमिका पहिचान गरेर अघि बढ्दा सामाजिक विकासमा लक्ष्य प्राप्तगर्न सकिने तर्क उनको थियो । प्लान इन्टरनेशनल नेपालको सहयोग तथा जिल्ला स्वास्थ्य कार्यालय धनुषाको समन्वयमा सामाजिक विकास र अनुसन्धान केन्द्र (एसडीआरसी) ले आयोजना गरेको बैठकमा सरोकारवालाहरुले उचित स्याहारको ढांचाका पाँच तत्वहरु पूरा गर्दा बालबालिका शारिरिक र मांसिक रुपमा बलियो हुने तर्क गरे । राम्रो स्वास्थ्य, उत्प्रेरणा र सिकाई, सुरक्षा र संरक्षण, संवेदनशील स्याहार र पर्याप्त पोषणको पालना गर्नुपर्नेमा उनीहरुको थियो । जिल्ला स्वास्थ्य कार्यालय धनुषाका शिवजी दासले जिल्लामा हाल मोन्टेसरी शिक्षकको आवश्यक्ता औंल्याए । तालिम प्राप्त शिक्षक नहुँदा बालबालिकाको सिकाई उपलब्धी कमजोर बन्दै गएको उनको तर्क थियो। यता, प्रजनन स्वास्थ्यबारे कुरा गर्न नमान्ने ग्रामीण महिलाहरु अव भने खुल्न थालेकी छन् । बैठकमा सहभागी महिला स्वास्थ्य स्वयमसेविका रिनाकुमारी मण्डलले महिलाहरु खानेपानी तथा सरसफाईबारे सचेत बन्दै गएको बताइन् । केही दिन अघिसम्म यस्ता विषयहरु सुन्न नचाह्ने महिलाहरु आमा समूहमा आवद्ध भएपछि सुनेकोमात्र छैनन् अरुलाई पनि सुनाएकी छन्। सरसफाई तथा स्वच्छ खानेपानी आफ्नै स्वास्थ्यको लागि रहेकाले यसप्रति आमजनताको सचेतना वृद्धि हुँदै गएको मण्डलले आफ्नो अनुभव सुनाइन्। एसडीआरसीका सचिव सोनफी साहको अध्यक्षतामा भएको बैठकमा जनकनन्दनी गाउँपालिकाका स्वास्थ्य संयोजक सिकेन्द्र साहले पुरुष सत्रले बालबालिका स्याहारप्रति उनीहरुलाई गंभीर बनाएको बताए ।

सो अवसरमा प्लान इन्टरनेशनल नेपालका किरण भण्डारीले सशक्त बालिका परियोजना अन्तर्गत संचालन गरिएको क्रियाकलापबारे जानकारी दिएका थिए। सो अवसरमा एसडीआरसीका कार्यक्रम संयोजक विवश श्रेष्ठले वर्षदिनको गतिविधि सार्वजनिक गर्दै सशक्त बालिका परियोजना विदेह नगरपालिकाको सात र जनकनन्दनी गाउँपालिकाको पाँच वटा वडामा संचालनमा रहेको जानकारी दिए। घर बलियो जगले, राष्ट्र बलियो प्रारम्भिक बालविकासले भन्ने नारालाई सार्थक बनाउन बालविकासमा पढ्ने बालबालिकाको स्याहार, पोषणका लागि विभिन्न कार्यक्रमहरु संचालनमा रहेको कार्यक्रम संयोजक श्रेष्ठले बताए । श्रेष्ठले गएको २०२४ को जुलाईदेखि २०२५ को अप्रिल महिनासम्म ती वडाहरुमा संचालन गरिएको कार्यक्रमहरुबारे जानकारी दिएका थिए । सो क्रममा लिएको लक्ष्य र उपलब्धीबारे पनि उनले प्रष्टयाएका थिए। बैठकमा जिल्ला स्वास्थ्य कार्यालयका कर्मचारीसहित विदेह नगरपालिकाका स्वास्थ्य संयोजक मनोहर यादव, एसडीआरसीका अध्यक्ष मंजु यादव, प्राविधिक कार्यक्रम सल्लाहकार केदर साह लगायतको उपस्थिति रहेको थियो।

# औषधिको चरम अभाव

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ जेष्ठ**

प्रादेशिक अस्पताल जलेश्वरमा निःशुल्क रूपमा वितरण हुने औषधिको चरम अभाव भएको छ। सरकारले अस्पतालबाट ९८ प्रकारका औषधि निःशुल्क वितरण गर्ने नीति लिए पनि प्रादेशिक अस्पताल जलेश्वरको निःशुल्क औषधि वितरण कक्षमा १५ देखि २० प्रकारका औषधि मात्र उपलब्ध छन्। औषधि अभाव हुँदा उपचारमा समस्या भएको अस्पताल प्रमुख डा. विकास साहले बताउनुभयो। निःशुल्क वितरण गर्ने औषधि बिमा सेवाबाट पनि नपाउने, अस्पतालको औषधि वितरण कक्षमा पनि नहुनाले समस्या भएको जलेश्वर एक सामाजिक अभियन्ता जितेन्द्र पासवाले गुनासो गर्नुभयो। बिमाबाट पाइने केही औषधि भदौ १ देखि सरकारले निःशुल्क वितरण गर्ने भने पनि अस्पतालमा नपठाएकाले दीर्घरोगका बिरामी धैरै प्रभावित भएका पासवानको भनाइ छ । अस्पताल प्रमुख साहले मधेस प्रदेश सरकारको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले समयमा औषधि नपठाएकाले अभाव भएको बताउनुभयो।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence


## मानव बेचविखनजन्य कार्यहरू

- मानिसलाई फुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद विक्रि गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनविपरित मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्रि गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव वेचविखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



# सित्तैमा अखवार

*अखबार पोस्टर होइन*
*यसलाई यसरी नपढ*
*पोस्टर सरी*
*हुनत यी पोस्टरजस्तै*
*सजिएका छन्*
*पसलका भित्तामा*
*तर यी भ्रमका पोस्टरहरू हुन्*
*त्यसो त कति अखबार*
*भ्रमका अखबार र*
*वास्तविक पोस्टर छन्*
*तर अखबार*
*तिम्रो पार्टीको*
*वा दक्षिणपंथी*
*र वामपंथीका पोस्टर होइनन्*
*साके से का साडीहरूझैं*
*यी पसलमा झुण्ड्याइएका अखबारहरूमा*
*छापिएका*
*ताजा समाचारहरू*
*कसैको खरो श्रमले लेखिएका छन्*
*तिमी सित्तैमा पढिरहेछौ*
*अत्याचारको समाचार पढ्दापढ्दै*
*तिमी अत्याचार गरिरहेछौ*
*सित्तैंमा अखबार पढिरहेछौ ।*

# कोदो र कुर्थी अर्थात् गहत फलाउने किसानलाई अनुदान प्रदान



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २ जेष्ठ**

सर्लाहीको हरिवन नगरपालिकाले कोदो र कुर्थी अर्थात् गहत फलाउने किसानलाई अनुदान प्रदान गरेको छ । लोपोन्मुख तथा रैथाने बाली संरक्षण, सम्वर्धन तथा उपयोग अनुदान कार्यक्रम अन्तर्गत नगरभित्र कोदो र गहत उत्पादन गर्ने ३८ जना किसानलाई पहिलो पटक अनुदान प्रदान गरिएको हो ।

हरिवन नगरपालिकाले रैथाने बाली अन्तर्गत पर्ने कोदो, आलस, कुर्थी र फापर फलाउने किसानलाई अनुदान प्रदान गर्ने कार्यपालिका बैठकबाटै निर्णय गरेको छ । नगर कार्यपालिकाले बनाएको कार्यविधिअनुसार नगरपालिकामा निवेदन दिएर कोदो र कुर्थी उत्पादन गर्ने किसानलाई यो वर्षबाट अनुदान दिन सुरु गरिएको हरिवन नगरपालिकाको कृषि शाखाका प्रमुख प्रविन तामाङले जानकारी दिनुभयो । तामाङका अनुसार कोदो उत्पादन गर्ने किसानलाई प्रतिक्विन्टल दुई हजार रुपियाँ र कुर्थी उत्पादन गर्ने किसानलाई प्रतिक्विन्टल दुई हजार ५०० रुपियाँ प्रदान गर्ने कार्यविधिमा उल्लेख छ । यो वर्ष नगरको कार्यविधि पूरा गरेका ३८ जना किसानले उत्पादन गरेको ८६.६७ क्विन्टल कोदो र १२.५ क्विन्टल कुर्थीको अनुदान रकम प्रदान गरिएको हो ।

कोदो र कुर्थी फलाउने किसानलाई नगरपालिका कार्यालयमै बोलाएर नगर प्रमुख रमेश बुढाथोकी (कमल), उपप्रमुख हरिमाया घलान र प्रमुख प्रशासकीय अधिकृत हेमराज फुँयालले अनुदान रकम हस्तान्तरण गर्नुभएको छ । कृषि शाखाका प्रमुख तामाङका अनुसार नगरभित्र केही किसानले आलस र फापर समेत उत्पादन गरे पनि उहाँहरुले मापदण्ड पुऱ्याउन नसकेकाले अनुदान रकम प्राप्त गर्न सकेनन् ।

रैथाने बाली लगाउने किसानलाई के-कसरी अनुदान लिन सकिन्छ भन्नेबारे प्रष्ट हुन हरिवन नगरपालिका कार्यालयले कृषि शाखाको सम्पर्कमा आउन अनुरोध गरेको छ । रैथानी बालीको खेती विस्तार गरी उत्पादन वृद्धि गर्ने उद्देश्यले किसानलाई अनुदानको व्यवस्था गरिएको नगर प्रमुख बुढाथोकीले बताउनुभयो ।

# सवारी दुर्घटनामा एकजनाको मृत्यु एकजना घाइते




**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ जेष्ठ**

महोत्तरी जिल्लाको छुट्टाछुट्टै ठाउँमा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने एक गम्भिर घाइते भएका छन् । जिल्लाको लोहारपट्टी नगरपालिकाको वडा नं. ७ मा बोर्डिङ स्कुलको बसको ठक्करबाट पिपरा गाउँपालिका ५ बस्ने सिकिन्द्र मण्डलका १८ वर्षिय छोरा सुमित कुमार मण्डलको मृत्यु भएको हो । जनकपुरस्थित शारदा एकेडेमी बोर्डिङ स्कुलको अनटेष्ट बसले लोहारपट्टीमा विपरित दिशाबाट आइरहेको बिआर३२एम८०९ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो ।

मोटरसाइकलमा सवार सुमितलाई स्थानीयबासीहरुको सहयोगमा जनकपुर अञ्चल अस्पताल पुऱ्याइएको थियो । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरिक्षक शैलेन्द्र कुमार भट्टले अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको बताउनुभयो । यता, जलेश्वर नगरपालिका २ को जलेश्वर जनकपुर सडकखण्डमा एक बसको ठक्करबाट पैदलयात्री महिला गम्भिर घाइते हुनुभएको छ ।


# जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामग्रीहरु नराखौ ।
- भुकम्प प्रतिरोधी घर निर्माण गरौ ।
- आफ्नो घर आँगन आफै सफा गरौ ।
- सड्ने र नसड्ने फोहोर छुट्याई नसड्ने फोहोर मात्र निस्कासन गरौ ।
सार्वजनिक जग्गा मिचेर जथाभावी संरचना निर्माण गरौ ।
- विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔ ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य गरौ ।
सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- आफ्नो घर परिसरमा कम्तीमा दुई वटा बहुवर्षीय रुख विरुवा रोपौ ।
- फोहोर बोक्ने सवारी साधन आएको बखत मात्र फोहोर बारिह निकालौ ।
- जथाभावी फोहोर नफालौ ।

**अनुरोधकर्ता**
**संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय**
**जनकपुरधाम, धनुषा**


## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: शुभ कार्यको शुरुवात
मिथून: खानपानमा समस्या आउने
कर्कट: पिछ्डेको साथी मिल्ने
सिंह: विचार गरेर बोल्नुहोला
कन्या: लामो यात्राको योग छ
तुला: आम्दानी हुने
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: अनावश्यक चिन्ता
मकर: मनमा पछ्तो आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पाकिस्तानसँग वार्ता गर्न भारतको यस्तो छ 'बटम लाइन'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ जेष्ठ**



भारतीय विदेश मन्त्री डा एस जयशंकरले पाकिस्तानसँग वार्ता गर्नका लागि सरकारले बटम लाइन तय गरेको बताएका छन्।

उनले पीओके भारतलाई सुम्पनु पर्ने, आतंकवादीहरुका स्थल नष्ट गर्नुपर्ने र आतंकवादी भारतलाई सुम्पनु पर्ने सर्त अगाडि सारेका हुन्। पाकिस्तानले यी तीन काम गरेमात्र पाकिस्तानसँग वार्ता हुने जयशंकरले बताएका हुन् । उनले सिन्धु जल सन्धिसमेत तबसम्म स्थगित रहने छ जबसम्म पाकिस्तानले स्थायी रुपले सीमा पार आतंकवादी खतम गर्दैन भनेका छन्। नयाँदिल्लीमा होन्डुरसको दूतावास उद्घाटनको अवसरमा बोल्दै उनले पाकिस्तानसँग आतंकवादीको सूची रहेको भन्दै आतंकवादीलाई आफूहरुलाई दिन पनि माग गरेका हुन् । जयशंकरले कश्मीर र पाकिस्तानसँग जोडिएको विषयमा कुनै तेस्रो पक्षको हस्तक्षेपको विषयमा कुनै परिवर्तन नआएको बताए।

उनले कश्मीरसँग जोडिएको विषयमा कुनै तेस्रो पक्षको हस्तक्षेप स्वीकार नहुने बताए। उनले पाकिस्तानसँग भारतको वार्ता दुईपक्षीय हुनेसमेत बताएका छन्। साथै उनले युद्धविरामबारे स्पष्ट भने कि -'गोलाबारी बन्द गर्न कसले भनेको थियो। हामीले आतंकवादी ढाँचालाई नष्ट गर्यौं । जुन लक्ष्य तय गरेका थियौं त्यो हासिल गर्यौं ।' भारतले गत ७ मेमा अपरेशन सिन्दूर चलाएर पाकिस्तान र पीओकेमा मिसाइल आक्रमण गरेको थियो । जसबाट लश्कर ए तैयवा र जैश ए मोहम्मदका मुख्यालयसमेत नौ आतंकवादीको वासस्थान उडाइदिएको थियो।

# नेपाली चलचित्र 'पुर्खाको थलो' को प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ जेष्ठ**




नेपाली चलचित्र 'पुर्खाको थलो' जेठ ३ गते शनिबार पोखरास्थित श्रीकृष्ण चलचित्र मन्दिरमा प्रदर्शन हुने भएको छ।

ओम प्रकाश गुरुङको लेखन, सम्पादन र निर्देशन रहेको चलचित्र मुनाल फिल्म प्रा. लिको ब्यानरमा बनेको हो। मुनाल फिल्म ब्यानरको निर्माण भएको यो आठौं चलचित्र हो। निर्देशक गुरुङले देश छाडेर विदेशिने प्रवृत्तिले गहिरो सामाजिक परिवर्तन ल्याइरहेका बेला, त्यसको भावनात्मक प्रभाव र आफ्नो पहिचानप्रतिको सम्झनालाई समेट्दै चलचित्र निर्माण गरेको बताएका छन् । यसैगरी निर्माता कुबिना गुरुङले चलचित्रले पुर्खा-प्रेम र थलोप्रतिको आत्मीय सम्बन्धलाई उजागर गर्ने दाबी गरेकी छन्। निर्माणमा कुबिना गुरुङसँगै दिल घले, उत्तर बहादुर गुरुङ, खिमकुमारी गुरुङ र जोग माया गुरुङ छन्। यस्तै पिटर गुरुङ, खेमेन्द्र गुरुङ र जलन गुरुङले छायाँकनको काम सम्हालेका छन्।

गणेशमान घले, लक्ष्मी गुरुङ, ओम प्रकाश गुरुङमा मुख्य भूमिका रहेको चलचित्रमा डीबी गुरुङ, लालशोभा गुरुङ, गणेश गुरुङ, सुस्मा गुरुङ, उत्तरबहादुर गुरुङ, कविता गुरुङ, अमिर गुरुङ, खीमकुमारी गुरुङ, राजेन्द्र अधिकारी, गमबहादुर गुरुङ, जोया गुरुङ, सुन देवी गुरुङलगायतका कलाकारको अभिनय छ । गुरुङ चलचित्र उद्योगमा छोटो समयमै प्रभाव छोड्न सफल ओमप्रकाश गुरुङ लामो समयपछि पर्दामा देखिएका छन् । उनको यो चौथो चलचित्र हो।

चलचित्रको प्रकाश व्यवस्थापन सरोज गुरुङ, गोपी गुरुङ र यम गुरुङले गरेका छन् । भेषभूषा गोमा गुरुङले तयार गरेकी हुन् भने श्रृंगार राजकुमार गुरुङ र जय गुरुङको छ।

# यस्तो छ आजको लागि विदेशी मुद्राको विनिमय दर



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ जेष्ठ**

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्रको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदर अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ५९ पैसा र बिक्रीदर १३७ रुपैयाँ १९ पैसा कायम भएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १५२ रुपैयाँ ९१ पैसा र बिक्रीदर १५३ रुपैयाँ ५८ पैसा, युके पाउन्ड स्ट्रर्लिङ एकको खरिददर १८१ रुपैयाँ ४६ पैसा र बिक्रीदर १८२ रुपैयाँ २६ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १६२ रुपैयाँ ९३ पैसा र बिक्रीदर १६३ रुपैयाँ ६४ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ५१ पैसा र बिक्रीदर ८७ रुपैयाँ ९० पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ६६ पैसा र बिक्रीदर ९८ रुपैयाँ ०९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०५ रुपैयाँ १८ पैसा र बिक्रीदर १०५ रुपैयाँ ६४ पैसा निर्धारण गरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। त्यस्तै, केन्द्रीय बैंकले जापानी येन १० को खरिददर नौ रुपैयाँ ३६ पैसा र बिक्रीदर नौ रुपैयाँ ४० पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ९४ पैसा र बिक्रीदर १९ रुपैयाँ ०३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५८ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ४८ पैसा र बिक्रीदर ३७ रुपैयाँ ६४ पैसा तोकेको छ । केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ १० पैसा र बिक्रीदर चार रुपैयाँ १२ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ १९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ८९ पैसा र बिक्रीदर ३२ रुपैयाँ ०३ पैसा निर्धारण भएको छ। यसैगरी, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७७ पैसा र बिक्रीदर नौ रुपैयाँ ८१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ०३ पैसा र बिक्रीदर १४ रुपैयाँ ०९ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ५० पैसा र बिक्रीदर २० रुपैयाँ ५९ पैसा तोकिएको छ।

# भाग्यमानी नेपाली महिला क्रिकेट टोलीलाई अबको चुनौती

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ जेष्ठ**




नेपाली महिला क्रिकेट टोली आईसीसी महिला टी-२० विश्वकप एसिया छनोटअन्तर्गत गएको मंगलबार हङकङसँगको महत्वपूर्ण खेलमा पराजित भएपछि अघिल्लो चरण पुग्ने सम्भावनामा धक्का लागेको थियो।

त्यसपछि बिहीबार बहराइनसँगको खेलमा पनि खराब अवस्थामा पुग्दा नेपाली टोली बाहिरिने संकेत देखिएको थियो। तर कप्तान इन्दु बर्माले शानदार ब्याटिङ गर्दै नेपाललाई जिताइन् र नेपालको आशा जीवितै राखिन्। त्यसपछि नेपालको नजर हङकङ र बहराइनबीचको शुक्रबारको खेलमा थियो जसको नतिजाले नेपालको भाग्य निर्धारण गर्ने थियो । शुक्रबार हङकङ र बहराइनबीचको खेल वर्षाले रद्द भएपनि नेपाल आईसीसीको प्लेइङ कन्डिशन अनुसार भाग्यमानी साबित भयो । हङकङ कुनैपनि खेलमा पराजित नहुँदा पनि अघि बढ्न सकेन । नेपाल स्वयं पनि हङकङसँग पराजित भएको थियो।

तर हङकङ त्यही एक जितमा सीमित रहँदा नेपालसँग समान ५-५ अंक भएपनि नेपाल बढी जित निकालेका आधारमा अघि बढ्यो । आईसीसिको प्लेइङ कन्डिशन अनुसार डबल राउण्ड रोबिन लिगपश्चात् २ वा बढी टोलीबीच अंक बराबर भए सर्वाधिक जितका आधारमा टोली अगाडि रहने प्रावधान थियो । नेपालको ४ खेलमा २ जित, १ हार र १ नतिजाविहीन हुँदा ५ अंक जोडेको थियो भने हङकङको ४ खेलमा १ जित र ३ नतिजाविहीन हुँदा ५ अंक भएको थियो । नेपालले दुवै खेल बहराइनलाई जितेको थियो।



धनकौल गाउंपालिका
गाउं कार्यपालिकाको कार्यालय
सर्लाही, मधेश प्रदेश नेपाल



# मनसुन र बाढी, भविष्यको तयारी

-बदलिँदो वर्षा तथा बाढी/पहिरोको चरित्रहरूलाई सूक्ष्म विश्लेषण नगर्ने हो भने आगामी दिनमा काठमाडौं उपत्यकाको बाढी जोखिम प्रत्येक कोणबाट उच्च हुँदै जाने र अकल्पनीय क्षति निम्तिने देखिन्छ। गत वर्ष असोज महिनाको अभूतपूर्व वर्षा र बाढीबाट भएको क्षति मूल्यांकनको वास्तविक लेखाजोखा अझै जारी रहँहा यो वर्षको मनसुन संघारमा आएको छ। पछिल्ला वर्षहरूका वर्षा र बाढीको प्रकृति हेर्दा नेपालको सन्दर्भमा विस्तारै मनसुन, बाढी र विपद् पर्याय भइसकेका छन्। काठमाडौं उपत्यकामा विगतमा थुप्रै गम्भीर प्रकृतिका बाढीहरू आइसकेका छन्। सन् १९५४ को बाढी प्रारम्भिक रूपमा अभिलेखित बाढीमध्ये एक हो। जसले कृषि र पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको थियो।

सन् १९८१ को बाढी तीव्र मनसुनका कारण आएको थियो र यसले काठमाडौंका केही क्षेत्रलाई प्रभावित पारेको थियो। सन् १९९३ को बाढी सबैभन्दा विनाशकारीमध्ये एक थियो, जसमा १३० भन्दा बढीको ज्यान गयो र व्यापक क्षति भएको थियो। सन् २००२ को बाढी अत्यधिक वर्षा र कमजोर ढल प्रणालीका कारण भू-भागहरू डुबानमा परेका थिए। सन् २००८ मा आएको बाढीले स्थानीय समुदाय र आर्थिक गतिविधि अवरुद्ध गरेको थियो। गत असोजमा महिना नेपालमा भएको अभूतपूर्व वर्षाले देशभरका २५ मौसम केन्द्रहरूमा ऐतिहासिक २४ घण्टे वर्षाको कीर्तिमान कायम गरेको थियो। काठमाडौं उपत्यका जलाधार क्षेत्र काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाको करिब ६२५ वर्ग किलोमिटरको जलाधार क्षेत्रफल भएको एक अन्ततः पहाडी उपत्यका हो जुन समुद्र सतहबाट १२०० मिटरदेखि २७०० मिटरको उचाइ पर्दछ। बाढी, पहिरोलगायतका प्रकोपका अन्तर्निहित कारणहरू र तिनका अन्तरसम्बन्धको विश्लेषण प्रभावकारी बाढी व्यवस्थापन रणनीतिहरू विकास गर्न मात्र नभई वर्तमान नीति, संस्थागत क्षमता, कार्यक्रम, र न्यूनीकरण प्रयासहरूको मूल्यांकन गर्नसमेत आवश्यक रहेको हाम्रो अनुसन्धानले देखाएको छ। काठमाडौं उपत्यका र रोशी क्षेत्रमा गत असोज महिनामा गएको बाढीका कारण र क्षतिबारे नेचुरल हेजाड्र्स रिसर्च नामक अन्तर्राष्ट्रिय जर्नलमा 'अनरेभलिङ द कजेज एन्ड इम्प्याक्ट अफ इन्क्रिजिङ फ्लड डिजास्टर इन द काठमाडौ भ्याली : लेसन्स फ्रम द अन प्रिसिडेनटेड सेप्टेम्बर २०२४ फ्लड्स' शीर्षकको अनुसन्धानपत्र प्रकाशित भएको छ। उक्त अनुसन्धानमा लेखकहरूसमेत अनुसन्धाताहरू कबिन लामिछाने, भरत खड्का, विप्लव आचार्य, कमल विश्वकर्मा, सुमित अधिकारी, राजन केसी, अनुशा दानेगुलु, सामना भट्टराई, अभिलाषा रेग्मी, मन्दिप सुवेदी सहभागी भएका थिए। **अध्ययनको निष्कर्ष** सन् २००० देखि २०१९ सम्मको अवधिमा सहरीकरणको भू-उपग्रहीय नक्सांकन गरी विश्लेषण गर्दा समग्र काठमाडौं उपत्यकाभित्र नदीको १०० मिटर दायाँ-बायाँ बस्ती विकास दुई गुणाले (१६.९ बाट ३२.९ वर्ग किलोमिटर क्षेत्रफल बस्ती बढेको) वृद्धि भएका कारण बाढीले प्रभावित जनसंख्यासमेतमा व्यापक वृद्धि भएको देखाएको छ।

साथै प्राकृतिक रूपले नदीको चौडाइ माथिल्लो भेगबाट तल्लो भेगतर्फ जाँदा क्रमशः बढ्दै जानुपर्नेमा उपत्यकाका कतिपय खोलाहरूको अतिक्रमण/कोरिडोर निर्माण भई माथिल्लो भेगभन्दा तल्लो सहरी भेगमा चौडाइ साँघुरिँदै गएकाले बहाव क्षेत्र कम हुँदै गएको छ। जसले गर्दा बाढीको प्रभाव झन् बढेको देखिन्छ। यस सन्दर्भमा गत वर्ष सर्वोच्च अदालतले बागमती, विष्णुमती, मनोहरालगायत मुख्य नदी किनारबाट दायाँ-बायाँ ४० मिटर छोड्नुपर्ने गरी जारी गरेको आदेशको गाम्भीर्यतालाई मनन गर्नुपर्ने देखिन्छ गत बाढीमा नख्खु खोलावरिपरि धेरै नै क्षति भएको थियो। ललितपुर जिल्लाको नख्खु खोला जलाधारको माथिल्लो भागमा ठाडो ढलान छ। यस क्षेत्रमा दुइटा खानी क्षेत्र (बालुवा, ग्राभेल र ढुंगाको उत्खनन) रहेका छन्, जुन टीकाभैरवभन्दा झन्डै २ किलोमिटर माथि पर्छ। एक लेले खोलाको उप-जलाधारमा र अर्को नख्खुको मुख्य जलाधारमा पर्छन्। बाढीका कारण नख्खु खोलाको माथिल्लो भाग (नल्लु) मा नदीको धार चौडिएको र गहिरो भएको पाइएको छ। यो भाग उत्खनन क्षेत्रभन्दा माथि पर्छ। अर्कोतर्फ, उत्खनन क्षेत्रभन्दा झन्डै २ किलोमिटर तलको भागमा भने नदीको चौडाइ बढ्नुका साथै नदीको तल्लीमा थुप्रिएको लेदोहरूका कारण पनि देखिन्छ। नदी किनारमा राखिएका उत्खनन सामग्री बाढीले बगाएर लगेपछि नदीमा थप बलौटे पदार्थ मिसिएका छन्। जसका कारण उत्खनन क्षेत्र र टीकाभैरवको बीचमा नदी तली भरिएको देखिन्छ। बाढीपछिको अवस्था हेर्दा नदी तलीका सामग्री अझ मोटा देखिएका छन्, जसले भूस्खलन, गेग्रान बहाव र माथिल्लो भागको उत्खनन गरी भण्डारण गरिएका सामग्री बगाइएको संकेत दिन्छ। नदी किनार नजिकैको कटान र गहिरिनुका कारण धेरै घरहरू ढलेका छन् वा भासिएका थिए। गत वर्षको अत्यधिक बाढी आउनुको कारणमध्ये सहायक खोलाबाट मूल खोलातर्फ ठूलो मात्रामा थुप्रिएको माटो तथा ढुंगामाटो बगाउनु हो।

वर्षाका कारण जमिनको अधिकतम पानी सोस्ने क्षमता पार भई भिरालो जमिनबाट अत्यधिक गेग्रान बहाव आएको, जसलाई माथिल्लो क्षेत्रमा भएको अवैज्ञानिक बाटो उत्खनन, जग्गा खण्डीकरण (प्लटिङ) लगायतका गतिविधिसँग पनि जोडेर हेर्न सकिन्छ। बाढीका कारण प्राकृतिक र मानवजन्य दुवै हुन सक्छन्। प्राकृतिक कारणहरूमा जलाधारको प्रकृति, भू-बनोट, भारी वर्षा, आदि पर्छन्। त्यस्तै, मानवजन्य गतिविधिहरूमा नदीको वहाबलाई अवरुद्ध गर्ने खालको संरचना विस्तार वा जथाभावी रूपमा मर्मत नगरेको तथा अपर्याप्त ढल निकास प्रणाली, नदी अतिक्रमण, अव्यवस्थित बस्ती विस्तार तथा जमिन उपयोग, अनियन्त्रित बालुवा उत्खनन र माथिल्लो भेगमा भइरहेको जथाभावी बाटो खन्ने कार्यले बाढीको प्रभावलाई अझ तीव्र र गम्भीर बनाएको तथ्य अनुसन्धानबाट स्पष्ट भएको छ।

सांभार : कान्तिपुर।




## घर भाडामा चाहियो

जनकपुरधाम रिंग रोडभित्र २ देखि ४ कठ्ठा जग्गामा नीजि विद्यालय संचालन गर्नको लागि खाली खेल मैदान,बस पार्किंग सहितको कम्तिमा १० वटा पक्की कोठे भवन भएको जग्गाधनीले तलको मोबाइलमा तुरुन्त सम्पर्क गर्न जानकारी गराइन्छ।

सम्पर्क : ९८२४८७७६२७,९८४४०२७९७१






अनुरोधकर्ता
लक्ष्मीनियां गाउंपालिका
धनुषा, मधेश प्रदेश






अनुरोधकर्ता
कौडेना गाउंपालिका
सर्लाही, मधेश प्रदेश







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday